## कोशी तटबन्ध सम्बन्धमा हालै प्रकाशित समाचारका बारेमा नेपाल सरकार सिंचाइ मन्त्रालयको विज्ञप्ति

तत्कालिन श्री ५ को सरकार (नेपाल सरकार) तथा भारत सरकार बीच सन् १९७५ मा कोशी प्रोजेक्ट सम्बन्धी संशोधित सम्झौता भएको विदितै छ । सो सम्झौतामा अन्य कुराका अतिरिक्त सम्झौताको दफा 3 को उपदफा iv मा "HMG will permit the Union to quarry the construction materials required for the project from the various deposits at Chatara, Dhran Bazar or other places in Nepal." उल्लेख भएको छ त्यसै गरी सो सम्झौताको दफा 6 को उपदफा ii मा "HMG shall be entitled to receive payment of royalties from the Union in respect of stone, gravel and ballast obtained from Nepal territory and used in the construction and future maintenance of the barrage and other connected works at rates to be settled by agreement hereafter." यसैगरी भन्सार महशुलका सम्बन्धमा उल्लिखित सम्झौताको दफा 7 मा "HMG shall charge no customs duty or duty of any kind, during construction and subsequent maintenance, on any articles and mterials required for the purpose of the Project and the works connected therewith." उल्लेख गरिएको छ ।

सो सम्झौता बमोजिम कोशी प्रोजेक्टको नेपाल तथा भारतीय भूमिमा रहेका विभिन्न संरचनाहरुको मरम्मत सम्भारका लागि सालबसाली रुपमा आवश्यक पर्ने ढुंगा, गिटी, बालुवा आधिकारिक भारतीय पक्ष ( बिहार सरकार, जल संसाधन विभाग) ले ईष्टिमेट गरी नेपालस्थित सम्पर्क तथा भू आर्जन कार्यालय, विराटनगरमा अनुरोध गरी पठाउने गरिएको छ । त्यस्तो अनुरोधलाई सो कार्यालयले पूर्वान्चल क्षेत्रीय सिंचाइ निर्देशनालयमा पठाउने र पूर्वान्चल क्षेत्रीय सिंचाइ निर्देशनालयले माग बमोजिमको परिमाण ठीक भए नभएको चेक गरी सिफारिस सहित सिंचाइ विभागमा पठाई सिंचाइ विभागव्दारा सिफारिस अनुसार विगतमा जलस्रोत मन्त्रालयमा र हाल सिंचाइ मन्त्रालय स्थापना भएपछि सिंचाइ मन्त्रालयमा पठाईने र सिंचाइ मन्त्रालयाट मन्त्रालय स्तरीय निर्णय गरी सिफारिस बमोजिमको निकासीका लागि अनुमति दिने गरिएको छ । यो परम्परा कोशी सम्झौता सम्पन्न भएका बखत देखि अध्यावधिक रुपमा चलिआएको छ ।

यस पटक उपलब्ध गराईएको निर्माण सामाग्रीबाट चालू आर्थिक वर्षमा कोशी तटबन्ध मरम्मत संभारको साथै सो तटबन्धको सडक तथा नहरको सर्भिस सडक कालोपत्रे गर्ने कार्यक्रम भारतीय सरकारले लिएको व्यहोरा जानकारी गराईन्छ । यस्तो निकासी कार्य स्थानीय निकायले निर्धारण गरेको रोयल्टि लिई उपलब्ध गराईदै आईएको छ । अर्कातिर सम्झौताको उल्लिखित दफा 7 बमोजिम त्यस्तो मालसामानको भन्सार महशुल समेत नलाग्ने व्यहोरा सबैलाई जानकारी गराईन्छ ।

कुनै पनि सन्धि सम्झौता (व्दिपक्षीय, बहुपक्षीय) ईमान्दारीका साथ सन्धिका पक्षहरुले परिपालना गर्नु पर्ने (Pacta Sunt Servanda) सिद्धान्त अन्तर्राष्ट्रिय कानूनको मूलभूत सिद्धान्तको रुपमा रहि आएको छ । सोही बमोजिम नेपाल सरकारका तर्फबाट कोशी प्रोजेक्टको सम्झौता कार्यान्वयन गर्ने निकायको रुपमा रहेको सिंचाइ मन्त्रालय र अन्तर्गतका निकायहरुले अन्तर्राष्ट्रिय सम्झौता बमोजिम भएको व्यवस्थालाई विगतमा झैं आवश्यक प्रकृया पूरा गरी कार्यान्वयन गर्दै आएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

उमाकान्त झा
सचिव
सिंचाइ मन्त्रालय